वर्ष ५, अंक ११, फागुन

नेपाल प्रहरी
सत्य सेवा सुरक्षणम्

# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन




**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी

**सल्लाहकार**
प्र.ब.उ. मोहन प्रसाद पोखरेल

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज भावना चन्द

**ले-आउट/ग्राफिक्स**
प्र.ज भावना चन्द


| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १०–१२ |
| खोजतलास तथा समन्वय | १३ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १४ –१५ |
| अपराध समाचार | १६–२१ |
| उत्कृष्ट अनुसन्धान | २२ |

# विभागीय गतिविधि

## १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरको नवनिर्मित कार्यालय भवन उद्घाटन



*बिराटनगर, ११ फागुन*

१ नम्बर प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरको नवनिर्मित कार्यालय भवनको आयोजित कार्यक्रम बीच उद्घाटन गर्नुभयो । उद्घाटन पश्चात मुख्यमन्त्री कार्कीले उक्त भवनको निरीक्षण समेत गर्नुभयो । उद्घाटन कार्यक्रममा मुख्यमन्त्री कार्कीले भवन निर्माणमा उल्लेख्य योगदान पुऱ्याउने निर्माण कम्पनी तथा १ नम्बर प्रदेश प्रहरी कार्यालयमा कार्यरत प्रहरी निरीक्षक ढुण्डीराज गिरी र महेश भट्टराईलाई प्रशंसापत्र प्रदान गर्नुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री कार्कीले भौतिक पूर्वाधारको अभाव र अपर्याप्तताले प्रहरी सेवाका कार्यहरुमा प्रत्यक्ष असर पर्ने उल्लेख गर्नुभयो । सुविधा सम्पन्न भवन प्राप्त भएसँगै नागरिक सेवामा बिगतका दिनहरु भन्दा प्रभावकारी ढंगले अगाडि बढ्न नवनिर्मित भवनको योगदान रहने उहाँले बताउनुभयो । साथै उहाँले सुरक्षाकर्मी सुरक्षित भएमा मात्र आम नागरिकले सुरक्षाको प्रत्याभूति पाउने हुँदा सुरक्षाकर्मीको सुरक्षामा प्रदेश सरकार सदैव तत्पर रहेको बताउनुभयो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले शान्ति सुरक्षा सबैको साझा जिम्मेवारी रहेको उल्लेख गर्नुभयो । प्रदेश सरकारबाट प्रदेश प्रहरीलाई प्राप्त नयाँ भवनसँगै कार्यरत प्रहरी कर्मचारीहरुमा थप मनोवल उच्च हुनुका साथै प्रदेश प्रहरी कार्यालयबाट आम नागरिकमा प्रदान हुने सेवा समेत समयानुसार स्तरीय हुँदै जाने धारणा उहाँले ब्यक्त गर्नुभयो । प्रहरी महानिरीक्षक सिंहले सुन्दर भवनमा बस्ने प्रहरी कर्मचारीहरुले जनमैत्री प्रहरी सेवा प्रदान गर्नेमा आफू बिश्वस्त रहेको चर्चा गर्दै कानूनको परिधिमा रही जन चाहना बमोजिमको प्रहरी सेवा प्रदान गर्न प्रहरी कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो । कार्यक्रममा स्वागत मन्तब्य व्यक्त गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक श्याम लाल ज्ञवालीले सुबिधा सम्पन्न भवन प्राप्त भएसँगै थप मनोवल बढ्ने र कार्यक्षेत्रमा अनुकूल वातावरण सिर्जना हुने भएकोले थप जोश र उर्जाका साथ प्रहरी काम कारवाही गर्न प्रेरणा मिलेको बताउनुभयो । उक्त अवसरमा प्रहरी उपरीक्षक अनिल रानाले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै १ नम्बर प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट वजेट विनियोजित भई कुल १९ करोड १४ लाख १ हजार ६ सय ६३ रुपैयाँको लागतमा जम्मा ७५ वटा कोठा भएको ५ तले कार्यालय भवन निर्माण कार्य सम्पन्न भएको जानकारी दिनुभयो । उद्घाटन कार्यक्रममा उच्च अदालत बिराटनगरका मुख्य न्यायाधीश सत्य मोहन जोशी थारु, प्रदेश सरकारका मन्त्रीहरु, निमित्त प्रदेश प्रमुख सचिव, स्थानीय जनप्रतिनिधिहरु, अन्य सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, बिभिन्न सरकारी कार्यालय तथा गैह सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, पूर्व प्रहरी कर्मचारीहरु, संचारकर्मीहरु, उद्योगी, व्यवसायीहरुको उपस्थिति रहेको थियो ।

## सेवानिवृत्त प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहको बिदाइ



*काठमाडौं, ५ फागुन*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रहरी सेवाबाट हालै सेवानिवृत्त हुन लाग्नु भएकी प्रहरी अतिरिक्त महानिरीक्षक पूजा सिंहलाई नेपाल प्रहरी प्रधान कार्यालयमा आयोजित कार्यक्रम बीच बिदाइ गर्नुभयो । बिदाइ समारोहलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक सिंहले आफ्नो अविछिन्न लामो सेवाद्वारा नागिरक र संगठनलाई गर्नुभएको योगदानको प्रशंसा गर्नुको साथै अवकाश पछिको व्यवसयिक एवम् सुखमय पारिवारिक जीवनको शुभकामना व्यक्त गर्नुभयो । विभिन्न कालखण्डमा सफल महिला कमाण्डरको रूपमा निर्वाह गरेको भूमिकाको स्मरण गर्दै प्रहरी महानिरीक्षक सिंहले सेवानिवृत्त हुन लाग्नु भएकी प्रहरी अतिरिक्त महानिरीक्षकबाट सेवानिवृत्त जीवन पश्चात पनि रचनात्मक सहयोगको अपेक्षा राखेको र आगामी दिनमा संगठनको श्रीवृद्धिका लागि आवश्यक सल्लाह, सुझाव एवम् सहकार्य निरन्तर प्राप्त हुने विश्वास उहाँले व्यक्त गर्नुभयो । सो अवसरमा प्रहरी महानिरीक्षक सिंहले सेवानिवृत्त हुनु भएकी प्रहरी अतिरिक्त महानिरीक्षक सिंहलाई मायाको चिनो प्रदान गर्नुभयो । कार्यक्रममा सेवानिवृत्त हुनु भएकी प्रहरी अतिरिक्त महानिरीक्षक सिंहले आफ्नो सेवा अवधिमा गरेका अनुभव समेटी आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँले सेवा निवृत्त हुने क्रममा एक पटकको प्रहरी सधै प्रहरी रहने भएकोले वर्दियुक्त जीवनबाट मात्र अवकास हुन लागेको बताउनुभयो । प्रहरी सेवामा रहने क्रममा संगठनका सदस्यबाट प्राप्त सद्भाव प्रति सधै ऋणी रहने बताउँदै उहाँले यो अवस्थासम्म आइपुग्ने क्रममा नेतृत्व विकासमा मार्ग दर्शन गर्नुहुने अग्रज प्रहरीप्रति सम्मान व्यक्त गर्नुहुँदै उहाँले भन्नुभयो, "नेपाल प्रहरीको

प्रशासनतर्फको पहिलो महिला प्रहरी अतिरिक्त महानिरीक्षक हुने क्रममा तालुक गृह मन्त्रालय र प्रहरी महानिरीक्षकको भूमिकाप्रति आभार एवम् कृतज्ञता व्यक्त गर्न चाहन्छु ।" सो अवसरमा उहाँले करिब ३० वर्ष लामो सेवा अवधिमा संगठनमा रहने क्रममा सहकर्मी एवम् मातहत प्रहरी कर्मचारीबाट प्राप्त निरन्तर साथ र सहयोगका लागि हार्दिक आभार एवम् कृतज्ञता व्यक्त गर्नुभयो । सेवानिवृत्त हुनु भएकी प्रहरी अतिरिक्त महानिरीक्षक सिंह वि.सं. २०४९ चैत ११ गते प्रहरी निरीक्षक पदमा नियुक्त भई प्रहरी सेवामा प्रवेश गर्नुभएको थियो। प्रहरी अतिरिक्त महानिरीक्षक प्रहरी नियमावली २०७१ बमोजिम ५६ वर्षीय उमेर हदको कारण फागुन ७ गते अवकास हुन लाग्नु भएको हो। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरू एवम् वरिष्ठ प्रहरी अधिकृतहरूको उपस्थिति रहेको थियो।

## प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहबाट १ नम्बर प्रदेश प्रहरी अस्पतालको उद्घाटन



*बिराटनगर, १० फागुन*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले मोरङ बेलबारी नगरपालिका-३ स्थित पुरानो ईलाका प्रहरी कार्यालयको भवनमा संचालित १ नम्बर प्रदेश प्रहरी अस्पतालको आयोजित कार्यक्रमबीच उद्घाटन गर्नुभएको छ । उद्घाटन पश्चात प्रहरी महानिरीक्षक सिंहलगायत अन्य अथितिहरुले अस्पतालको साथै उपलब्ध स्वास्थ्य उपकरणहरुको अवलोकन गर्नुभयो । अस्पताल उद्घाटन कार्यक्रमलाई सम्वोधन गर्दै प्रहरी महानिरीक्षक सिंहले १ नम्बर प्रदेश प्रहरी अस्पतालको शुभारम्भले यस प्रदेशमा रहेका पूर्व प्रहरी कर्मचारी, अमर/अशक्त प्रहरी कर्मचारी तथा बहालवाला प्रहरी कर्मचारीका साथै आश्रित परिवार समेतको स्वास्थ्य सेवामा पहुँच पुग्ने बताउनुभयो। साथै प्रहरी अस्पतालको निर्माण र सेवा शुभारम्भले स्थानीयवासीले समेत सेवा पाउने हुँदा सबै किसिमका बिरामीहरुलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउन कार्यरत प्रहरी कर्मचारीहरूलाई उहाँले निर्देशन दिनुभयो। उक्त अवसरमा नेपाल प्रहरी अस्पताल महाराजगंज काठमाडौंका मेडिकल डाईरेक्टर प्राबिधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. आशा सिंहले सीमित श्रोत र साधनका बीच प्रदेश प्रहरी अस्पतालको अवधारणा ल्याई सेवा शुभारम्भ गरिएको बताउँदै अबका दिनमा सेवा संचालनमा हरेक क्षेत्रको सहयोग अपरिहार्य रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा बेलवारी नगरपालिकाका प्रमुख दिल प्रसाद राईले नगर क्षेत्रमा प्रहरी अस्पतालको निर्माणले नगरवासीहरु उत्साहित रहेको बताउँदै हरेक नागरिकको स्वास्थ्य सेवामा प्रहरी अस्पतालको अहम् भूमिका रहने र अस्पतालको स्तरोन्नति लगायतका क्षेत्रमा सहयोग र समन्वयको लागि नगरपालिका सदैव तत्पर रहेको उल्लेख गर्नुभयो। उक्त कार्यक्रममा १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक श्याम लाल ज्ञवालीले स्वागत मन्तब्य व्यक्त गर्दै अस्पतालबाट प्रभावकारी स्वास्थ्य सेवा प्रदान हुनेमा बिश्वस्त रहेको बताउनुभयो। उक्त अस्पतालका प्रहरी नायव उपरीक्षक डा. सरोज सिंहले अस्पतालको सेवा सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दै तत्काल ३ जना बिशेषज्ञ चिकित्सकसहित १० जनाको प्राबिधिक टोलीले ओपिडि तथा ईमरजेन्सी लगायतका सेवा प्रदान गर्ने जानकारी दिनुभयो । उद्घाटन कार्यक्रममा जिल्ला प्रशासन कार्यालय मोरङका प्रमुख जिल्ला अधिकारी तिर्थराज भट्टराई, प्रदेशस्थित अन्य सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, स्थानीय तहका जनप्रतिनिधिहरु, बिभिन्न सरकारी तथा गैहसरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, पूर्व प्रहरी कर्मचारीहरु, संचारकर्मी तथा स्थानीयबासी लगायतको उपस्थिति रहेको थियो।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीद्वारा नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको अवलोकन तथा निरीक्षण



*काठमाडौं, १५ फागुन*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशालाको अनुगमन तथा निरीक्षण गर्नुभयो। प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले प्रत्येक शाखाहरुमा अवलोकन तथा भ्रमण गरी शाखाहरुबाट हुने गरेका कार्यको बारेमा जानकारी लिनुका साथै उक्त विधि विज्ञान प्रयोगशालामा कार्यरत प्र.क.हरुलाई केश (सबुत) परीक्षण कार्यलाई अझ तीव्र र प्रभावकारी बनाउन निर्देशन दिनुभयो। उहाँले विभिन्न प्रकारका अपराधहरुको न्यूनिकरणको लागि घटनास्थलबाट प्राप्त भौतिक सबूत प्रमाणहरुको यथाशिघ्र छिटो परिक्षण गरी परिक्षण प्रतिवेदन सम्बन्धित कार्यालयमा समयमा नै पठाई प्रभावकारी अपराध अनुसन्धान गरी पिडीतलाई न्याय र प्रतिवादीलाई सजाय हुने कुरामा समेत जोड दिनुभयो। साथै उहाँले विधि विज्ञान प्रयोगशालाको स्तरोन्नति गर्नको लागि संगठन सकरात्मक रहेको समेत बताउनुभयो।

साथै उहाँले प्रत्येक शाखाहरूको काम कारबाहीलाई अझ बढी प्रभावकारी बनाउनका लागि आवश्यक सुझाव समेत दिनुभयो। निरीक्षणका क्रममा विभागिय प्रमूख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीलाई सम्बन्धित शाखामा कार्यरत प्रहरी कर्मचारीहरुले आ-आफ्नो शाखाको काम एवं गतिविधिबारे जानकारी समेत गराउनुभयो।

## प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीद्वारा संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNMISS मिसनमा खटि स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरुको स्वागत कार्यक्रम सम्पन्न





*काठमाडौं, फागुन ३०*

संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडान स्थित UNITED NATIONS MISSION IN SOUTH SUDAN (UNMISS) मिसनमा मिति २०७८/११/०४ गते र २०७८/११/०६ गते खटि गई सफलता पुर्वक कार्यकाल सम्पन्न गरी स्वदेश फिर्ता हुनु भएका प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका विभागिय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेश राज जोशीले स्वागत गर्नुभएको थियो। स्वदेश फिर्ता हुने प्रहरी कर्मचारीहरुमा प्रहरी निरीक्षक ४ जना, प्रहरी वरिष्ठ नायव निरीक्षक ३ जना र प्रहरी नायव निरीक्षक २ जना गरी जम्मा ९ जना प्रहरी कर्मचारीहरु थिए। उक्त कार्यक्रममा विभागीय प्रमुख प्रहरी नायव महानिरीक्षक उमेशराज जोशीले स्वदेश फिर्ता हुनुभएका प्रहरी कर्मचारीहरूलाई प्रमाण पत्र वितरण गर्नुका साथै आवश्यक निर्देशन समेत दिनुभयो।

## नेपाल प्रहरी प्रदेश कार्यालय, जनकपुरमा "Technical Investigation and Analysis" सम्बन्धी अनुशिक्षण कार्यक्रम उदघाटन



*काठमाडौं, २९ फागनु*

प्रहरी महानिरीक्षकज्यूबाट स्वीकृत पाठ्क्रम अनुसार नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्धारा नेपाल प्रहरी प्रदेश कार्यालय, जनकपुरमा संचालन हुने पाँच कार्यदिन अवधीको गैह आवासीय **"Technical Investigation and Analysis"** सम्बन्धी अनुशिक्षण तालिमको उदघाटन भएको छ। फागनु २९ गतेदेखि संचालित उक्त तालिममा प्रहरी नायव निरीक्षक १, प्रहरी सहायक निरीक्षक १२, प्रहरी हवल्दार २, प्रहरी सहायक हवल्दार १२ र प्रहरी जवान १४ जना गरी जम्मा ४१ जना प्रशिक्षार्थीहरुको सहभागिता रहेको छ। यस **"Technical Investigation and Analysis"** तालिमबाट अपराध अनुसन्धान र विश्लेषण गर्ने प्रहरी कार्यालयहरुलाई सघाउ पुग्नुका साथै सहभागीहरुलाई लगनशिल र मेहनतका साथ प्रशिक्षणमा सहभागी भई अधिकतम सिकाई हासिल गर्ने कुरामा नेपाल प्रहरी प्रदेश कार्यालय, जनकपुरका प्रहरी निरीक्षक बविन राईले जोड दिदै तालिम सफलताको शुभकामना समेत व्यक्त गर्नुभयो।


उक्त अवसरमा प्रहरी निरीक्षक राईले संगठनले प्रदान गरेको अवसरलाई सदुपयोग गरी तालिम पश्चात आफ्नो आचरण र व्यवहारमा सुधार गर्दै संगठनको छवि तथा गरिमा उच्च हुने गरी काम गर्न प्रशिक्षार्थीहरुलाई निर्देशन दिनुभयो । तालिममा के सिकियो भन्दा पनि सिकेको सीपलाई कार्यक्षेत्रमा कसरी उतार्‍यो भन्ने कुरा महत्वपूर्ण रहने भएकोले त्यसतर्फ लगनशील भएर प्रशिक्षणमा सहभागी हुन समेत उहाँले प्रशिक्षार्थीहरूलाई निर्देशन दिनुभयो।







# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको फागुन महिनाको अपराध तथ्याङ्क प्रस्तुति (मुद्धा दर्ता संख्या)





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (पुष-फागुन)




## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (पुष-फागुन)





## वार्षिक अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० फागुन सम्म)




## जघन्य अपराधको प्रदेशगत मुद्धा दर्ता (आ.व. २०७९।०८० फागुन)





## गम्भीर अपराधको प्रदेशगत मुद्धा दर्ता (आ.व. २०७९।०८० फागुन)




## सामान्य अपराधको प्रदेशगत मुद्धा दर्ता संख्या(आ.व. २०७९।०८० फागुन)





## फागुन महिनामा घरेलु हिंसा सम्बन्धी संख्या



## फागुन महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध बिश्लेषण (मुद्धा दर्ता संख्या)





## फागुन महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणीको घटनास्थल (मुद्धा दर्ता संख्या)




## फागुन महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| | प्रदेश/उपत्यका/ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ५०७ | ४२ वर्ष ८ दिन | २,९०,४७,२४५ |
| २. | कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर | ११५ | ४६ वर्ष ३ महिना ८ दिन | १३,६१,७३८ |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | ६३८ | ११० वर्ष ८ महिना २६ दिन | १,०२,०५,३१४ |
| ४. | बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा | १०८ | ६३ वर्ष ४ महिना १७ दिन | ७९,७२,७१८ |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | १४७ | ६४ वर्ष ९ महिना २६ दिन | २८,२९,०३९ |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ | १४१ | ९१ वर्ष ६ महिना १८ दिन | ७३,०९,४४६ |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ५७ | १५ वर्ष ४ दिन | ५,९९,९५८ |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | २३ | ४ वर्ष ९ महिना ७ दिन | ७,१५,४२५ |
| ९. | केन्द्रीय अनुसन्धान व्यूरो, महाराजगञ्ज | १६ | ४ वर्ष ३ महिना २० दिन | ७,२१,४७,०६४ |
| | **जम्मा** | **१,७५२ जना** | **४४२ वर्ष १० महिना १४ दिन** | **रु.१३,२१,८७,९४७।-** |

## फागुन महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या





## माघ र फागुन महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या



# प्रहरी सेवा प्रवाह

## फागुन महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या





## फागुन महिनामा चालचलन शाखाको प्रगती विवरण:-

| क्र.सं. | बिवरण | प्रगती | |
|---|---|---|---|
| १ | Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/बितरण | दर्ता | बितरण |
| | | १०३८२५ | ८३२६७ |
| २ | तालुक गृह मन्त्रालय सीमा तथा अध्यागमन शाखाबाट कार्य सहमतिको लागि तथा स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखावाट Security Clearance को लागि प्राप्त | २११ | १९३ |
| ३ | नागरिक उड्डयन कार्यालय प्रहरी प्रतिवेदन | १ | १ |
| ४ | राजदुतावासहरुबाट प्राप्त (अपराधिक अभिलेख) | २५ | २५ |
| ५ | औंठाछाप प्रमाणिकरण | १६० | १६० |
| ६ | अन्य (रिट निवेदन/उजुरी छानबिन) | ८ | ८ |
| **जम्मा** | | **१,०४,२३०** | **८३,६५४** |

# सामुदायिक प्रहरी गतिविधि

फागुन महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)









# आसरा सुधार केन्द्र

## फागुन महिनामा लागुऔषध सेवनकर्ताहरुको उपचारत संख्या





## फागुन महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको संख्यात्मक विवरण


| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १. | बिदेशी नागरिकहरूको मृत्यु | ०४ जना |
| २. | बिदेशी नागरिकहरूको पक्राउ | २८ जना |
| ३. | हराएका विदेशी नागरिक | - |
| ४. | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ५,०९३ जना |
| ५. | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | ०७ जना |

# खोजतलास तथा समन्वय

### फागुन महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको संख्या




### फागुन महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूर्नमिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्या




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव (Digital Forensic Lab)

- DFL शाखाबाट फागुन महिना भित्र बिभिन्न १५ वटा मुद्दा शिर्षक (ज्यान सम्बन्धी कसूर, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, मानव बेचविखन, बिद्युतिय कारोबार, जबरजस्ती करणी, लागु औषध, कर्तब्य ज्यान, चोरी, ठगी, संगठित अपराध, लिखत कसुर, बालयौन दुरुपयोग, बैकिङ कसुर, अपराधिक लाभ,) अन्तर्गत ६७ वटा मुद्दाको ३४९ वटा सबुदहरु परिक्षण गरिएको ।

## दुरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Cell)

- फागुन महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरुसँग समन्वय गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको ।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- २०७९ /११/०१ गते देखि ऐ. फागुन ३० गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि **५६१** केशहरु र **४९१३** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **७०३** केशहरु र **४६५६** नमुनाहरु परीक्षण गरिएको ।
- (AFIS) मा **१७८१** DATA Entry भएको ।

- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, धरान, सुनसरीबाट** २०७९ /११/०१ गतेदेखि ऐ. फागुन ३० गतेसम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि **१५४** केशहरु र **५७१** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **१३७** केशहरु र **५४८** नमुनाहरु परीक्षण गरिएको ।
- **नेपाल प्रहरी प्रदेश कार्यालय, विधि विज्ञान इकाई, गणेशमानचोक, नेपालगंजबाट** २०७९ /११/०१ गतेदेखि ऐ. फागुन ३० गतेसम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि ४८ केशहरु र **१४०** नमुनाहरु प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी ४७ केशहरु र **१४३** नमुनाहरु परीक्षण गरिएको ।

## केनाईन (K9) महाशाखा, महाराजगञ्ज

### फागुन महिनामा परिचालित मासिक डिउटी संख्या






# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### आफ्नै बुवाको हत्या गरेको अभियोगमा पक्राउ

*रोल्पा, १ फागुन*

आफ्नै बुवा ६९ वर्षीय प्रथमन बुढाको हत्या गरेको अभियोगमा माडी गाउँपालिका-५ बाग्मा बस्ने ३७ वर्षीय नर बहादुर बुढालाई प्रहरीले पक्राउ गरेको छ। नरबहादुरले बुवालाई कुटपिट गर्दा घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौडभावाङ र ईलाका प्रहरी कार्यालय, घर्तिगाउबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### चक्कु प्रहारबाट ७० वर्षीय वृद्धको मृत्यु

*महोत्तरी, ८ फागुन*

महोत्तरी गाउँपालिका-३ मडै बस्ने ७० वर्षीय शिव महराको चक्कु प्रहारबाट मृत्यु भएको छ। बृद्धभत्ताको पैसा नदिएको बिषयलाई लिएर उनकै भतिज ३० वर्षीय बिजेन्द्र महाराले तिघ्रामा चक्कु प्रहार गर्दा शिवको घटनास्थलमै मृत्यु भएको हो। घटनाको खबर प्राप्त हुनासाथ तत्काल जिल्ला प्रहरी कार्यालय, महोत्तरी र ईलाका प्रहरी कार्यालय, कटिकटैयाबाट खटिएको प्रहरीले हाल फरार घटनामा संलग्न बिजेन्द्रको खोजी गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*उदयपुर, १२ फागुन*

आफ्नै श्रीमती २० वर्षीया युनिशा खत्री पौडेलको खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा बेलका नगरपालिका-९ भचुवा बस्ने २७ वर्षीय बिनोद पौडेललाई प्रहरीले पक्राउ गरेको छ। सोही नगरपालिका-६ स्थित जाल्पा वाबुङ्ला रमिते सामुदायिक बनमासँगै घास काट्न गएको अवस्थामा खुकुरी प्रहार गरी आफैले श्रीमतीको हत्या गरेको जानकारी गराएपछि ईलाका प्रहरी कार्यालय, रामपुरठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*धादिङ, १४ फागुन*

धुनिबेशी नगरपालिका-६ देवीस्थान घर भई सोही नगरपालिका-७ नौबिसेस्थित निर्वेश्वर महादेव मन्दिरमा बस्दै आएका ८० वर्षीय बलराम उप्रेतीको कुटपिट गरी हत्या गरेको अभियोगमा धुनबेशी नगरपालिका-६ देवीस्थान बस्ने ३७ वर्षीय पुरुषोत्तम बानियालाई प्रहरीले पक्राउ गरेको छ। बानियाले फागुन १० गते कुटपिट गर्दा गम्भीर घाइते भएका उप्रेतीको नेपाल भारत मैत्री अस्पताल काठमाडौंमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आफ्नै तीन वर्षीया छोरीको हत्या गरेको अभियोगमा पक्राउ

*बाग्लुङ, १८ फागुन*

आफ्नै छोरी ३ वर्षीया अरिसा दिनको हत्या गरेको अभियोगमा बागलुङ नगरपालिका-१२ अमलाचौर घर भई जैमिनी नगरपालिका-४ सर्कुवा बस्ने २० वर्षीय सायर दिनलाई प्रहरीले पक्राउ गरेको छ। सायरले ढुङ्गाले टाउकोमा प्रहार गरी आफ्नै छोरीको हत्या गरेको भन्ने खबर प्राप्त हुनासाथ खटिएको प्रहरीले उनलाई पक्राउ गर्नुका साथै यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २२ फागुन*

डोटी, पूर्वीचौकी गाउँपालिका-१ छेप्लाडीमा निर्माणाधिन स्कुलको भवनमा लेबर काम गरी बस्ने कैलाली धनगढी उपमहानगरपालिका-१७ धुर्जना घर भएका ३५ वर्षीय रजि साउदको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३५ वर्षीय डबल सेट्टीलाई प्रहरीले पक्राउ गरेको छ। मादक पदार्थ सेवन गरी भएको झगडामा डबलले कुटपिट गर्दा गम्भीर घाइते भएका रजिको उपचारको लागि धनगढीतर्फ पठाउने क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय, लडागडा र जिल्ला प्रहरी कार्यालय, डोटीबाट खटिएको प्रहरीले डबललाई पक्राउ गरेको हो।

कास्की, पोखरा महानगरपालिका-२० भलाम कालिखोला बंगुर फर्ममा काम गरी बस्ने नुवाकोट सुर्यगढी गाउँपालिका-३ फलाटे घर भएका ५५ वर्षीय मसला दमैको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने उनकै सालो २० वर्षीय कमल नेपालीलाई प्रहरीले पक्राउ गरेको छ। उनीहरुबीच सामान्य विवादको क्रममा कमलले कुटपिट गर्दा गम्भीर घाइते भएका मसलाको गण्डकी मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कुटपिटबाट १ जनाको मृत्यु

*रौतहट, २६ फागुन*

ईशनाथ नगरपालिका-९ लवताना बस्ने २० वर्षीय गणेश यादवले कुटपिट गर्दा घाइते भएका राजदेवी नगरपालिका-१ पथरा बस्ने २५ वर्षीय गजेन्द्र दासको कुटपिटबाट मृत्यु भएको छ। जिल्ला प्रहरी कार्यालय, रौतहट र प्रहरी चौकी बडहर्वाबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न हाल फरार गणेशको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

### ज्यान मार्ने उद्योग कसूरमा संलग्न ३ जना पक्राउ

काठमाडौं, २९ फागुन

ज्यान मार्ने उद्योग कसूरमा संलग्न भई फरार रहेका ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा नुवाकोट बेलकोट नगरपालिका-१० घर भएका २८ वर्षीय दिनेश तामाङ, ईलाम चुलाचुली गाउँपालिका-३ घर भई हाल काठमाडौं तारकेश्वर नगरपालिका-८ नेपालटार बस्ने २० वर्षीय जेन राई र १८ वर्षीय किशोर रहेका छन्। काठमाडौं महानगरपालिका-१६ बालाजु बस्ने २४ वर्षीय सुमन पण्डितलाई हतियार प्रयोग गरी कुटपिट गरि फरार रहेका उनीहरूलाई काठमाडौं तार्केश्वर नगरपालिका-९ फुटुङबाट फेला पारी प्रहरीले पक्राउ गरेको हो। प्रहरीले उनीहरूको साथबाट घटनामा प्रयोग भएको चुप्पि १ थान र छिनो १ थान समेत बरामद गरेको छ। उनीहरू उपर ज्यान मार्ने उद्योग कसूरमा काठमाडौं जिल्ला अदालतबाट ५ दिन म्याद थप अनुमति लिई प्रहरी वृत्त बालाजुबाट थप अनुसन्धान भइरहेको छ।

# बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

## नक्कली सवारी चालक अनुमतिपत्र बनाउने कार्यमा संलग्न ३ जना पक्राउ

*काठमाडौं, ३ फागुन*

लिखत किर्ते गरी नक्कली स्मार्ट सवारी चालक अनुमतिपत्र बनाउने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कास्की पोखरा महानगरपालिका-१ घर भई ललितपुर नखिपोट बस्ने ३४ वर्षीया कञ्चन गुरूङ, नुवाकोट लिखु गाउँपालिका-४ घर भई काठमाडौं टोखा बस्ने ३८ वर्षीय अनिल राई र नुवाकोट लिखु गाउँपालिका-४ घर भई काठमाडौं तारकेश्वर बस्ने ३६ वर्षीय राजन तामाङ रहेका छन्। विशेष सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न मध्ये कञ्चन गुरुङलाई माघ २९ गते काठमाडौं रामशाहपथबाट तथा अनिल राईलाई सामाखुशीबाट र राजन तामाङलाई बालाजु पैयाँटारबाट पक्राउ गरेको हो। कञ्चनले आफ्नो फोटो, अर्के व्यक्तिको सक्कली सवारी चालक अनुमतिपत्र र ५ हजार रूपैयाँ अनिललाई दिएकोमा अनिलले उक्त फोटो, कागजात र ३ हजार ५ सय रूपैयाँ राजनलाई दिएको र राजनले उक्त सवारी चालक अनुमतिपत्रमा कञ्चनको फोटो टाँसी नक्कली स्मार्ट सवारी चालक अनुमतिपत्र बनाई दिएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। यसअघि लिखत सम्बन्धि कसूरमा जिल्ला प्रहरी परिसर ललितपुरबाट पक्राउ भई मुद्दा चलेका राजनले अन्य व्यक्तिलाई समेत नक्कली सवारी चालक अनुमतिपत्र उपलब्ध गराएको खुल्न आएको छ। उनीहरू उपर लिखत सम्बन्धी कसूरमा आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर, टेकु काठमाडौं पठाइएको छ।

## बालाजु, लोत्से मलमा आगजनी, तोडफोड र लुटपाटमा संलग्न थप १५ जना पक्राउ

*काठमाडौं, ४ फागुन*

काठमाडौं महानगरपालिका-१६ माछापोखरी चोकमा प्रहरी भ्यान, प्रहरी विट, ट्राफिक आईल्याण्ड तोडफोड तथा आगजनी र ल्होत्से मलमा तोडफोड गरी मोवाइल पसलमा लुटपाट समेत भएको घटनामा संलग्न रहेको अभियोगमा १५ जनालाई काठमाडौंका विभिन्न स्थानबाट प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमध्ये लोत्से मलमा भएको घटनामा संलग्न काभ्रे पाँचखालका १९ वर्षीय सुरज मगर, उदयपुरका ३० वर्षीय रितेश बस्नेत र मोरङका ३० वर्षीय यमन राई रहेका छन्। यसैगरी उक्त आगजनी तथा तोडफोडमा संलग्नहरूमा नुवाकोटका १९ वर्षीय केशर राई, धादिङका २६ वर्षीय ईलाराज गुरूङ, उदयपुरका २७ वर्षीय राजन राउत, काभ्रेका २८ वर्षीय हरिशरण तामाङ, चितवनका २७ वर्षीय संविधान परियार, काठमाडौं तार्केश्वरका १९ वर्षीय कविन खड्गी, काठमाडौं माछापोखरी बस्ने २२ वर्षीय रोमन नगरकोटी र ३३ वर्षीय माधव शाही रहेका छन्। यसैगरी पक्राउ पर्नेमा नुवाकोटका २ जना १८ वर्षीय किशोर, धादिङका १८ वर्षीय किशोर र सिन्धुलीका १८ वर्षीय किशोर रहेका छन्। नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल यातायात मजदुर संघ र अखिल नेपाल यातायात मजदुर संघका यातायात व्यवसायीहरूले ट्राफिक कारवाहीको विषय लगायत विभिन्न १० बुँदे माग राखी गरेको विरोध प्रदर्शनमा भएको उक्त घटनामा संलग्न उनीहरूलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। साथै पक्राउ परेकामध्ये अधिकांश व्यक्तिहरू चालक, सहचालक तथा यसअघि विभिन्न आपराधिक घटनामा संलग्न रहेको अनुसन्धानबाट खुल्न आएको छ। उनीहरू उपर आपराधिक उपद्रव गर्न नहुने कसूर र चोरी सम्बन्धी कसूर मुद्दामा थप अनुसन्धान तथा कारवाहीको लागि प्रहरी वृत्त बालाजु र महाराजगंज पठाइएको छ। यसअघि सोही घटनामा संलग्न १० जनालाई समेत प्रहरीले पक्राउ गरी थप अनुसन्धान गरिरहेको छ।

## अमेरिकी डलर देखाई लुटपाट तथा ठगी गर्ने व्यक्ति पक्राउ

*काठमाडौं, १० फागुन*

अमेरिकी डलर देखाई लुटपाट र ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा सिन्धुपाल्चोक गाती घर भई भक्तपुर पुरानो ठिमी बस्ने ३२ वर्षीय दावा डुण्डुप तामाङलाई प्रहरीले पक्राउ गरेको छ। काठमाडौं उपत्यकाका बिभिन्न स्थानमा सस्तो दररेटमा अमेरिकी डलरसँग नेपाली रुपैँया साटिदिने प्रलोभनमा पारी ठगी गर्ने कार्यमा संलग्न रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय, मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं गोकर्णबाट पक्राउ गरेको हो। साथै तामाङले २०७९ माघ २६ गते काठमाडौं साँखुमा अमेरिकी डलर देखाई ४ लाख रुपैयाँ लुटपाट गरी फरार रहेको अनुसन्धानबाट खुल्न आएको छ। उनलाई ठगी मुद्दामा आवश्यक कारवाही तथा थप अनुसन्धानको लागि प्रहरी बृत बौद्ध, काठमाडौं पठाइएको छ।

## मुद्रा सम्बन्धी आपराधिक षड्यन्त्र गरेको अभियोगमा पक्राउ

*सर्लाही, १५ फागुन*

मुद्रा सम्बन्धी आपराधिक षड्यन्त्र गरेको अभियोगमा मलंगवा नगरपालिका-९ स्थित सीमाक्षेत्रबाट धादिङ गल्छी गाउँपालिका-९ बस्ने ३२ वर्षीय गोपाल खनाल समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। सर्लाहीका सीमावर्ती क्षेत्रमा ठगी तथा आपराधिक षड्यन्त्र गर्ने उद्देश्यले ३ गुणा बढी पैसा दिन्छु भन्दै लोभ लालच तथा प्रलोभनमा पारी लुटपाट गर्ने गरेको घटना दोहरिदै गएपछि जिल्ला प्रहरी कार्यालय, सर्लाहीबाट खटिएको प्रहरीले अनुसन्धानको क्रममा उनीहरूलाई नेपाली नोटहरूसँग मिल्ने कागजका गडी ९९ बण्डल, पैसा आकारको कागज काट्ने मेसिन १ थान, डायरी २ थान र मोबाइल ४ थानसहित फेला पारी पक्राउ गरेको हो। यसअघि २०७५ भदौ ३० गते सर्लाही गोडैता नगरपालिका-३ मधुवनी गाउँबाट सोही प्रकारको ठगीमा संलग्न भारत बिहार सितामढी ग्राम पंचायतका शत्रुधन कुमार भगतसमेत २ जनालाई प्रहरीले पक्राउ गरेको थियो। साथै सोही स्थानबाट २०७६ कात्तिक ५ गते प्रलोभनमा पारी ४२ लाख ७५ हजार रूपैयाँ ठगी गरेको, २०७९ भदौ १७ गते गोडैता नगरपालिका-३ मा १ हजार दरको नोटको बीचमा कागज राखेको ६९ बण्डल फेला परेको थियो भने २०७९ पुस ३० गते मंलगवा नगरपालिका-८ सिमाक्षेत्रबाट नक्कली जस्तो देखिने एक हजार दरको नोट १ सय १५ थान फेला परेको थियो। यस सम्बन्धमा प्रहरीबाट थप अनुसन्धान भइरहेको छ।

## तीन सय वर्ष पुरानो बुद्धको मूर्ति चोरी

*ललितपुर, १८ फागुन*

गोदावरी नगरपालिका-११ चापागाँउस्थित बुद्ध स्तुपामा रहेको विभिन्न वर्ण र आकृतिमा कुँदेर बनाएको करिब ३ सय वर्ष पुरानो बताइएको बुद्धको मूर्ति चोरी भएको छ। चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# यौन जन्य अपराध

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*मोरङ, ५ फागुन*

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा विराटनगर महानगरपालिका-८ बस्ने २४ वर्षीय आर्यन भन्ने महमद अहमद खानलाई प्रहरीले पक्राउ गरेको छ। खानले ती बालिकालाई फागुन २ गते राति सुन्दरहरैचा नगरपालिका-३ स्थित चौरीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, बेलबारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*सिरहा, ६ फागुन*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मिर्चैया नगरपालिका-४ कुथनुवा बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती बालिकालाई सोही ठाउँस्थित बाँसघारीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय, मिर्चैयाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*म्याग्दी, ११ फागुन*

१० वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा मंगला गाउँपालिका-३ बरंजा बस्ने २० वर्षीय ओम भन्ने राज थापालाई प्रहरीले पक्राउ गरेको छ। ती बालिकालाई थापाले २०७९ भदौ ५ गते सोही ठाउँस्थित ताराखेतदेखि सिरकुम जोड्ने झोलुङ्गे पुलनजिक झाडीमा जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी बाबियाचौरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*पर्वत, २२ फागुन*

१२ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गोरखा अजिरकोट गाउँपालिका-५ घर भई पर्वत जलजला गाउँपालिका-३ बारीबेनीमा सडकको लेवर काम गरी बस्ने २७ वर्षीय दिपेन्द्र बिकलाई प्रहरीले पक्राउ गरेको छ। दिपेन्द्रले ती बालिकालाई सोही ठाउँस्थित खाली घरमा लगी जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय, पर्वतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*दाङ, २५ फागुन*

७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा शान्तिनगर गाउँपालिका-७ बस्ने १७ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ। किशोरले ती बालिकालाई ललाई फकाई सोही ठाउँमा रहेको माध्यामिक विद्यालय धनौरीको छेउमा लगी जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय, खिलतपुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २९ फागुन*

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिन्धुपाल्चोक थाङपाल गाउँपालिका-१ घर भएका २२ वर्षीय सुनिल गहतराजलाई प्रहरीले पक्राउ गरेको छ। सुनिलले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत थानकोटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# लागू औषध सम्बन्धी

## छुट्टाछुट्टै स्थानबाट अवैध लागूऔषध सहित १४ जना पक्राउ

*काठमाडौं, २ फागुन*

काठमाडौं महानगरपालिका-२१ दलाछी टोलबाट नियन्त्रित लागूऔषध बुप्रेनोर्फिन, डाइजेपाम र फेनारगन २० हजार ३ सय एम्पुल, नाईट्राभेट १२ हजार ९ सय ५० ट्याब्लेट र नगद ४ लाख ५ हजार रुपैयाँ सहित सोलुखुम्बु माप्यदुधकोशी गाउँपालिका-४ ठेगाना भएका ३५ वर्षीय लाक्पा शेर्पालाई माघ २४ गते लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले पक्राउ गरेको छ। निज शेर्पा २०७० असार ७ गते हातहतियार मुद्दामा ३ वर्ष कैद भुक्तान गरी छुटेको खुल्न आएको छ। थप अनुसन्धानको क्रममा उक्त लागूऔषध कारोबारमा संलग्न भारत बिहार राज्य मधुवनीका ३८ वर्षीय फैज अहमदलाई काठमाडौं महानगरपालिका-२२ सुन्धाराबाट माघ २५ गते, धनुषा औरही गाउँपालिका-३ कपटोल ठेगाना भएका २९ वर्षीय रिहासद भन्ने अयान रेजा तथा औरही गाउँपालिका-३ कपटोल ठेगाना भएका ४५ वर्षीय जाकिर नदाफलाई सोही टोलबाट माघ २६ गते, काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका-४ ठेगाना भएका २४ वर्षीय दिपक तामाङलाई काठमाडौं महानगरपालिका-१६ बालाजुबाट नगद ६ हजार रुपैयाँ सहित माघ २७ गते, नुवाकोट शिवपुरी गाउँपालिका-८ ठेगाना भएका २९ वर्षीय लक्ष्मण बखतीलाई काठमाडौं महानगरपालिका-२२ काठमाडौं मलबाट नगद ६ हजार रूपैयाँ सहित माघ २७ गते सोही व्यूरोबाट खटिएको प्रहरीले पक्राउ गरेको हो। यसैगरी काठमाडौं महानगरपालिका-९ गौचरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको डिपार्चर कक्षबाट अवैध लागूऔषध चरेश २३ किलो ८ ग्राम सहित ४ जना थाइ नागरिकलाई माघ २८ गते प्रहरीले पक्राउ गरेको। पक्राउ पर्नेहरुमा ४८ वर्षीया YAOWALUK JUABSRI, ४२ वर्षीया PARICHART PUMPRUK, २५ वर्षीय NATTAPOL TREECHAIYA र १९ वर्षीया NATNAREE TREECHAIYA रहेका छन्। लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले थाई एअरलाईन एयरलाईन्सको उडानद्वारा काठमाडौंबाट थाईल्याण्डको बैंकक जान लागेका उनीहरूलाई जाँच गर्ने क्रममा लगेजभित्र फल्स वटम बनाई ल्याएको उक्त चरेश सहित फेला पारी पक्राउ गरेको हो।





यसैगरी काठमाडौं महानगरपालिका-९ सिनामंगलस्थित एक होटलबाट अवैध लागूऔषध खैरो हेरोइन १ ग्राम र डिजिटल तराजु १ थान सहित मोरङ लेटाङ नगरपालिका-२ ठेगाना भएका ३४ वर्षीय रोशन रिसाललाई माघ २७ गते प्रहरीले पक्राउ गरेको छ। थप अनुसन्धानको क्रममा उक्त लागूऔषध बिक्री गर्ने कार्यमा संलग्न मोरङ केराबारी गाउँपालिका-३ ठेगाना भएका ३५ वर्षीय अमित

श्रेष्ठलाई काठमाडौं महानगरपालिका-३२ कोटेश्वरस्थित अर्को होटलबाट अवैध लागूऔषध खैरो हेरोईन ३८ ग्राम सहित लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले पक्राउ गरेको छ । यसैगरी काठमाडौं महानगरपालिका-३२ कोटेश्वरस्थित एक होटलवाट अवैध लागूऔषध खैरो हेरोइन १२ ग्राम, डिजिटल तराजु १ थान र नगद ६ हजार रूपैयाँ सहित भारत बिहार मधुवनी जयनगर हथलेटेवा-४ ठेगाना भएका ३२ वर्षीय श्रवण कुमार महरालाई माघ २९ गते लागूऔषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले पक्राउ गरेको छ ।

नवलपरासी(पूर्व), गैंडाकोट नगरपालिका-२ बाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ करिब १ ग्राम २ सय मिलिग्राम र १ लाख रुपैयाँ सहित दाङ घोराही उपमहानगरपालिका-१० बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय, गैडाकोटबाट खटिएको प्रहरीले ना.८ ख १९९८ नम्बरको बसलाई जाँच गर्ने क्रममा उक्त पदार्थ र नगद सहित फेला पारी बसमा सवार उनलाई पक्राउ गरेको हो । उनीहरू उपर लागूऔषध मुद्दामा थप अनुसन्धान भइरहेको छ ।

## अवैध लागूऔषध गाँजा बरामद

*मकवानपुर, ५ फागुन*

हेटौंडा उपमहानगरपालिका-१ चाईना क्वाटरबाट अवैध लागूऔषध गाँजा करिब २५ किलो ७ सय ग्राम प्रहरीले बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय, मकवानपुरबाट खटिएको प्रहरीले ना.१ ह ८९६६ नम्बरको अटोलाई जाँच गर्ने क्रममा उक्त गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार अटो चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित पक्राउ

*काठमाडौं, ८ फागुन*

सिरहा, मिर्चैया नगरपालिका-६ कटारी चोकबाट अवैध लागूऔषध गाँजा १० किलो ५ सय ग्रामसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कल्याणपुर नगरपालिका-९ डुमरी घर भई मिर्चैया नगरपालिका-६ बस्ने ४६ वर्षीय कुशेश्वर यादव र धनगढीमाई नगरपालिका-१४ सरेअम्वास बस्ने ३६ वर्षीय गौरब शाही रहेका छन् । लागूऔषध नियन्त्रण व्यूरो सिरहा र ईलाका प्रहरी कार्यालय मिर्चैयाबाट खटिएको प्रहरीले अन टेष्ट लेखिएको मोटरसाइकलाई जाँच गर्ने क्रममा उक्त गाँजासहित फेला पारी मोटरसाइकलमा सवार कुशेश्वर र गौरबलाई पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा गाँजा ओसारपसारमा संलग्न गोलबजार नगरपालिका-१ मुक्सार टोल घर धनगढी नगरपालिका-१४ सरेअम्बास टोल बस्ने २४ वर्षीय काले भन्ने भुपेन्द्र बहादुर ठकुरीलाई समेत मिर्चैया नगरपालिका-९ घुर्मी पुलबाट बागमती प्रदेश ०२-०२६ प०१९७ नम्बरको मोटरसाइकलसहित प्रहरीले पक्राउ गरेको हो ।

चितवन, राप्ती नगरपालिका-१ लोथरबाट अवैध लागूऔषध गाँजा करिब ५६ किलोग्रामसहित २ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भरतपुर महानगरपालिका-१६ बस्ने ३० वर्षीय अर्जुन दर्जी र राप्ती नगरपालिका-१ बस्ने १५ वर्षीय किशोर रहेका छन् । अस्थाई प्रहरी पोष्ट, लोथरबाट खटिएको प्रहरीले बा.३ च २५०४ नम्बरको गाडीलाई जाँच गर्ने क्रममा उक्त गाँजासहित फेला पारी दुवै जनालाई पक्राउ गरेको हो ।

कैलाली, धनगढी उपमहानगरपालिका-७ थारु छात्राबास नजिकबाट अवैध लागूऔषध खैरो हेरोइन ८ ग्रामसहित सोही उपमहानगरपालिका-४ बस्ने २६ वर्षीय अछय चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । प्रदेश प्रहरी कार्यालय धनगढीबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त खैरो हेरोइनसहित फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## विभिन्न हातहतियार तथा अवैध लागूऔषधसहित ५ जना पक्राउ

*मकवानपुर, १३ फागुन*

कैलाश गाउँपालिका-६ दुम्सीखर्कबाट कटुवा पेस्तोल १ थान, सोही पेस्तोलको गोली ६ राउण्ड, भरुवा बन्दुक १ थान, अवैध लागूऔषध गाँजा १ हजार ५ सय १५ केजी र चरेश १३ केजीसहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा कैलाश गाउँपालिका-६ दुम्सीखर्क बस्ने ७६ वर्षीय जित बहादुर मोक्तान, २८ वर्षीय बिजय मोक्तान, ४० वर्षीय रत्न घले, २२ वर्षीय अशोक घले र २२ वर्षीय शिखर घले रहेका छन् । जित बहादुरको घरमा लागूऔषध रहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर र ईलाका




प्रहरी कार्यालय, पालुङबाट खटिएको प्रहरीले घर तलासी गर्दा उक्त हातहतियार तथा घर नजिकै रहेको गोठबाट उक्त परिमाणको अवैध लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अवैध लागूऔषधसहित २ जना पक्राउ

*उदयपुर, १५ फागुन*

ताप्ली गाउँपालिका-१ देबरेबाट अवैध लागूऔषध गाँजा करिब ३५ केजीसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही ठाउँ बस्ने





५४ वर्षीय ईन्द्र बहादुर शाही र ५८ वर्षीय शेर बहादुर सेन रहेका छन् । विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, कटारी र प्रहरी चौकी, रुपाटारबाट खटिएको प्रहरीले शाहीको घरबाट करिब १५ केजी र सेनको घरबाट करिब २० केजी गाँजा लुकाइ राखेको अवस्थामा फेला पारी उनीहरुलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# अन्य अपराध

## बिमा दाबी गर्ने मनासयले आफै गाडीमा आगजनी गर्ने चालक पक्राउ

*बर्दिया, १ फागुन*

बिमा दाबी गर्ने मनासयले आफै लु.२ ख २०८४ नम्बरको फोर्स गाडीमा आगजनी गरेको अभियोगमा गाडीका चालक मधुबन नगरपालिका-२ गंगापटुवा बस्ने रामु चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। मधुबन नगरपालिका-४ बसन्तास्थित माचड चोकदेखि भुरिगाउँ जोड्ने पक्की सडकमा गएराति उक्त गाडीमा आगलागी भई पूर्ण रूपमा जलेर नष्ट भएको थियो। ईलाका प्रहरी कार्यालय, ढोढरीबाट खटिएको प्रहरीले घटनाको अनुसन्धान गर्ने क्रममा उक्त गाडीका चालक चौधरीलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा उनको संलग्नता रहेको खुल्न आएको हो। माघ २० गते उक्त गाडी बिग्रिएकोले मर्मतको लागि ग्यारेजमा लगेको र मर्मत गर्न बढी रकम लाग्ने हुँदा चौधरीले बिमा दाबी गर्ने मनसायले गाडीलाई उक्त स्थानमा लगेर डिजल छर्की आगो लगाएको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।



## स्रोत नखुलेको १७ लाख भारतीय रुपैयाँ सहित १ जना पक्राउ

*महोत्तरी, २ फागुन*

मटिहानी नगरपालिका-८ मस्जिद टोलबाट स्रोत नखुलेको १७ लाख भारतीय रुपैयाँ सहित सोही ठाउँ बस्ने २९ वर्षीय महेश यादवलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय, महोत्तरी र प्रहरी चौकी मटिहानीबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको महेश सवार ज.०६ प ६६६४ नम्बरको मोटरसाइकललाई जाँच गर्ने क्रममा मोटरसाइकलको ट्याङ्कीभित्र लुकाई राखेको ५ सय दरको १००/१०० थानका ३४ बन्डल गरी उक्त भारतीय रूपैयाँ र मोटरसाइकल सहित उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।





## चितुवाको छाला सहित २ जना पक्राउ

*धादिङ, २ फागुन*

थाक्रे गाउँपालिका-२ बाट संरक्षित वन्यजन्तु चितुवाको छाला १ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा कैलाश गाउँपालिका-१ चापाखर्क बस्ने ३० वर्षीय दिपक मोक्तान र ४५ वर्षीय सुविन्द्र मोक्तान रहेका छन्। उक्त ठाउँमा बाघको छालाको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय, तथा मातहतबाट समेत खटिएको प्रहरीले शिरदेखि पुच्छरसम्मको चितुवाको छाला सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कानुनी कारवाहीको लागि डिभिजन वन कार्यालय धादिङमा बुझाइएको।



## प्रहरीको गाडी, प्रहरी विट तथा ट्राफिक आइल्याण्ड तोडफोड गरी आगजनी गर्ने ६ जना पक्राउ

*काठमाडौं, ३ फागुन*

काठमाडौं महानगरपालिका-१६ माछापोखरी चोकमा प्रहरी गाडी, प्रहरी विट तथा ट्राफिक आइल्याण्ड तोडफोड गरी आगजनी गरेको अभियोगमा ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा उदयपुर बलमता गाउँपालिका-२ घर भई काठमाडौं तार्केश्वर नगरपालिका-१० मनमैजु बस्ने ४० वर्षीय बिक्रम राई, नुवाकोट पञ्चकन्या गाउँपालिका-३ घर भई काठमाडौं टोखा नगरपालिका-३ बानियाँटार बस्ने ३० वर्षीय रामहरि भण्डारी, लमजुङ वेशीशहर नगरपालिका-५ घर भई काठमाडौं तार्केश्वर नगरपालिका-१० बस्ने २३ वर्षीय विवेक श्रेष्ठ, काभ्रेपलाञ्चोक मानेडाँडा गाउँपालिका घर भई काठमाडौं महानरगपालिका-१६ बस्ने ३१ वर्षीय राजेश तामाङ, प्युठान कडी गाउँपालिका-१ घर भई काठमाडौं गोंगवु बस्ने १८ वर्षीय किशोर र काभ्रेपलाञ्चोक भुम्लु गाउँपालिका-२ घर भई काठमाडौं महानगरपालिका-१६ गंगाहल बस्ने २० वर्षीय आशिष खड्का रहेका छन्। काठमाडौं महानगरपालिका-१६ माछापोखरी चोकमा नेपाल यातायात स्वतन्त्र मजदुर संगठन, नेपाल यातायात मजदुर संघ र अखिल नेपाल यातायात मजदुर संघका यातायात व्यवसायीहरूले ट्राफिक कारवाहीको विषय लगायत विभिन्न १० वुँदे माग राखी गरेको विरोध प्रदर्शन कार्यक्रममा प्रहरी वृत्त बालाजु, काठमाडौंबाट सुरक्षाका लागि खटिएका प्रहरी कर्मचारीहरू लिई गएको प्रहरी वृत्त बालाजुको बा.२ झ १४४ र बा.१ झ ७२२४ नम्बरको गाडीमा आगजनी, माछापोखरीस्थित प्रहरी विटमा समेत प्रदर्शनकारीहरूले ढुङ्गामुढा तथा आगजनी र सोही ठाउँमा रहेको ट्राफिक आईल्याण्डमा समेत तोडफोड तथा आगजनी गरेको घटनामा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरु उपर जिल्ला अदालत काठमाडौंबाट ३ दिन म्याद थप गरी आवश्यक अनुसन्धान गर्नुका साथै वारदातमा संलग्न अन्य व्यक्तिहरूलाई नियन्त्रणमा लिई सोधपुछ तथा छानविन कार्य भइरहेको छ।



## २ नाल भरूवा बन्दुक सहित २ जना पक्राउ

*रूकुम(पूर्व), ४ फागुन*

सिस्ने गाउँपालिका-२ तुवाङस्थित खौरे भन्ने ठाउँबाट विभिन्न हातहतियारसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ६९ वर्षीय कमरा रोका र २३ वर्षीय सुरेश घर्ती रहेका छन्। विशेष सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय, प्वाङबाट खटिएको प्रहरीले कमरा रोकाको घरबाट भरुवा बन्दुक १ नाल, फलामको छर्रा टुक्रा २ थान, केप १९ थान, बारुद तथा सुरेश घर्तीको घरबाट भरुवा बन्दुक १ नाल, फलामको छर्रा टुक्रा ७ थान, केप ८ थान र बारुद फेला पारी दुवै जनालाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## प्रहरीलाई हातपात तथा गाली गलौज गरेको अभियोगमा ५ जना पक्राउ

*रौतहट, ८ फागुन*

गौर नगरपालिका-६ स्थित गौर बसपार्कमा ड्युटीमा खटिएको प्रहरीलाई हातपात तथा गाली गलौज गरेको अभियोगमा चपुर नगरपालिका-४ बस्ने २० वर्षीय सुदर्शन साहलगायत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। अस्थाई प्रहरीले पोष्ट बसपार्कबाट खटिएको प्रहरीले उक्त बसपार्कमा छरिएर रहेका सवारी साधनहरू व्यवस्थापन गर्ने क्रममा ग.१ ख ६१०७ नम्बरको बसको कन्डक्टर साहले प्रहरीमाथि अपशब्द प्रयोग गरी गाली गलौज गरेकोले नियन्त्रणमा लिएको बिषयलाई लिएर अन्य व्यक्तिहरूले प्रहरीमाथि गाली गलौज, हातपात तथा कुटपिट गरेपछि थप ४ जनालाई समेत प्रहरीले पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## कटुवा पेस्तोल र गोलीसहित १ जना पक्राउ

*धनुषा, १३ फागुन*



जनकपुर उपमहानगरपालिका-१७ तेतरिया बजारबाट कटुवा पेस्तोल १ थान र सोही पेस्तोलमा लाग्ने १ राउण्ड गोलीसहित हंसपुर नगरपालिका-४ बस्ने २२ वर्षीय भरोस पासवानलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी कपिलेश्वरबाट खटिएको प्रहरीले उनलाई उक्त हतियारसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## बाल यौन शोषण कार्यमा संलग्न चिनियाँ नागरिक पक्राउ

ललितपुर, १५ फागुन

बाल यौन शोषण कार्यमा संलग्न रहेको अभियोगमा चिनियाँ नागरिक ४९ वर्षीय याङ लि मिङलाई प्रहरीले पक्राउ गरेको छ। ललितपुर महानगरपालिका-२२ वुंगमतीस्थित कोका न्यू प्युरी एण्ड म्याट्रेस कम्पनी संचालन गरी बस्दै आएका उनले फेसबुकमार्फत नाबालिकाहरुसँग चिनजान गरी साथी बनाई काठमाडौं बोलाई बिभिन्न मनोरञ्जनात्मक गतिबिधिहरुमा संलग्न गराउनुका साथै आर्थिक प्रलोभन देखाई यौन शोषण गर्ने गरेको भन्ने विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान व्यूरो महाराजगंजबाट खटिएको प्रहरीले उनलाई ललितपुर महानगरपालिका-२२ वुंगमतीबाट पक्राउ गरेको हो। उनले १४ देखि १७ वर्षका ६ जना नाबालिकहरुमध्ये २ जनालाई बुङमतीस्थित निजको अपार्टमेन्टमा लगि यौन शोषण गरिसकेको तथा अन्य ४ जना बालिकाहरुलाई ठमेलस्थित होटलमा ललाईफकाई राखिएको अवस्थामा प्रहरीले ती बालिकाहरूको उद्धार गरेको छ। उनी उपर जबरजस्ती करणी शीर्षक मुद्दामा जिल्ला अदालतबाट ३ दिनको म्याद अनुमति लिई प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ।

## जुवातास खेलिरहेको अवस्थामा ३८ जना पक्राउ

*काठमाडौं, १७ फागुन*

काठमाडौं, महानगरपालिका-१४ कुलेश्वर गैरीशंकर बस्ने बसन्त सापकोटाको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही महानगरपालिका-१२ टेकु बस्ने ४२ वर्षीया दिलमाया देउलासमेत २३ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ५ लाख ३८ हजार २ सय रुपैयाँ र ५ बुक ताससहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी, काठमाडौं, महानगरपालिका-९ शम्भुमार्ग बस्ने जमुना पौडेलको घरको अण्डर ग्राउण्डमा जुवातास खेलिरहेको अवस्थामा काभ्रे घर भई हाल काठमाडौं महानगरपालिका-७ मित्रपार्क बस्ने ३६ वर्षीय जित नारायण श्रेष्ठसमेत ६ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त, गौशालाबाट खटीएको प्रहरीले उनीहरूलाई नगद ४६ हजार रुपैयाँ र ३ बुक ताससहित फेला पारी पक्राउ गरेको हो।

यसैगरी, काठमाडौं, चन्द्रागिरी नगरपालिका-१२ बलम्बु बस्ने ५८ वर्षीय पूर्ण महर्जनको घरमा तास खेलिरहेको अवस्थामा महर्जन समेत ९ जनालाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी प्रभाग, बलम्भुबाट खटिएको प्रहरीले उनीहरूलाई नगद ६७ हजार ९ सय १० रुपैयाँसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

## सालकको खपटा र जिउँदो हुचिलसहित २ जना पक्राउ

*धादिङ, १७ फागुन*





धुनिवेशी नगरपालिका-६ नौविसेबाट सालको खपटा ५ किलो ३ ग्राम र जिउँदो हुचिल १ थानसहित थाक्रे गाउँपालिका-५ नयाँगाउँ बस्ने ४७ वर्षीय बिनोद लामा समेत दुई जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो र ईलाका प्रहरी कार्यालय, खानीखोला धादिङबाट खटिएको प्रहरीले हाप्सेचौरबाट नौविसेतर्फ आउँदै गरेका उनीहरूलाई बोराभित्र लुकाई ल्याएको खपटा र कार्टुनभित्र लुकाई ल्याएको हुचिलसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक :- जबरजस्ती करणी

ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं. २२ वुंगमती स्थित रहेको कोका न्यू विल्डिङ मेटेरियल्स प्रा.लि. संचालन गरी वस्ने Yang Liming नाम गरेका चाईनिज नागरिकले आफ्नै डेराकोठामा मिति २०७९।१०।१० गते रातको समयमा वर्ष १७ की हाल नाम परिवर्तित जावलाखेल १७ र मिति २०७९।११।११ गते रातको समयमा वर्ष १७ की हाल नाम परिवर्तित जावलाखेल १८ लाई जवरजस्ती करणी गरेको र मिति २०७९।११।१२ गते सोही प्रयोजनको लागि झापा जिल्लाबाट बर्ष १३ की हाल नाम परिवर्तित जावलाखेल १९ लाई समेत बोलाएको खुल्न आएको घटनामा निज प्रतिवादी Yang Liming लाई पक्राउ गरी जवरजस्ती करणी मुद्दामा अनुसन्धान भईरहेको ।

## मुद्दा शीर्षक – ज.ज.क.

मिति २०७९।१०।२९ गते अन्दाजी १२:४५ बजेको समयमा जिल्ला झापा अर्जुनधारा न.पा. वडा नं. ५ स्थित देवराज बुढाथोकीको मकै बाँरीमा सुस्त मनस्थितीकी साँकेतिक नाम “AD-079/080” लाई कृष्ण चौधरी बडाले जबरजस्ती मकै बारीमा लगि लगाएको कपडा खोली चौरीमा सुताई जवरजस्ती करणी गरिरहेको अवस्थामा जिल्ला झापा अर्जुनधारा न.पा.वडा नं.५ बस्ने वर्ष ७३ को तिलक बहादुर बिशंखे र ऐ.ऐ. बस्ने बर्ष ६० को सोमन दनुवारले देखि गाउँछिमेकमा मानिसहरुलाई जानकारी गराएको भन्ने बुझिन आई वारदात स्थलमा गई हेर्दा, वारदात स्थल नजिकै मेरी छोरीको सुरुवाल, पेन्टी, उनीको टोपी फेला पारेको घटनामा अनुसन्धानपश्चात मिति २०७९।११।२८ गतेको सम्मानित झापा जिल्ला अदालतको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार गएको ।

## मुद्दा शीर्षक :- कर्तव्य ज्यान

मिति २०७९।१०।०१ गते अं.१३:०० बजेको समयमा का.जि. गोकर्णेश्वर न.पा. वडा नं.०६ नयाँबस्तीमा बर्ष १९ को मनिष ठकुरीलाई प्रिन्स प्रसाई, चेतेन्द्र खड्का, सुजन राई, सुकसोम लामा, लाक्पा लामा समेतले ईटा ढुङ्गा समेतले प्रहार गरी सख्त घाईते बनाई उपचारको क्रममा मृत्यु भएको घटनामा संलग्न प्रतिवादीहरुलाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान कार्य सम्पन्न भएपश्चात सम्मानित काठमाडौं जिल्ला अदालत समक्ष पेश हुँदा सम्मानित अदालतको मिति २०७९।१०।२९ गतेको आदेशले सबै प्रतिवादीहरु पुर्पक्षको लागि थुनामा कारागार गएको।

## मुद्दा शीर्षक – बालयौन दुरुपयोग

मिति २०७९।१०।०३ गते बेलुका अं.२०:०० बजेको समयमा जिल्ला मकवानपुर कैलाश गा.पा. वडा नं.९ टिमुरे स्थित अन्यायी नाम परिवर्तित ३१(०७९।०८०-A41) ले आफ्नै बहिनी नाता पर्ने बर्ष १४ कि नाम परिवर्तित ३१(०७९।०८०-७१) को संवेदनशील अगं स्तन माडी बालयौन दुरुपयोग गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको नाम परिवर्तित ३१(०७९।०८०-७१) को जाहेरी दरखास्त प्राप्त भएकोमा सो घटनाको अनुसन्धानपश्चात मिति २०७९।१०।२३ गते सम्मानित मकवानपुर जिल्ला अदालतको आदेश अनुसार रु.७५,०००/- धरौटी तिर्न नसकी थुनामा राख्न भीमफेदी कारागार मकवानपुरमा पठाईएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।११।०१ गते बिहान अं.०८:०० बजे जिल्ला तनहुँ बन्दिपुर गा.पा. वडा नं.३ सिमपाखा बन्दिपुर शेराटार स्थित मेरो आफ्नै भाई बर्ष ४७ को राजकुमार सार्की र बुहारी बर्ष ३५ की शुसिला मजाकोटी भन्ने बिष्णुमाया तामाङ ले गोठमा आगो लगाई दिएर आमाले पालेको ६ बर्षको गाई जलेर मरेको र आमा बर्ष ८४ की माया सर्किनीलाई घर भित्रै फलामको हसिया समेतले हानेर कर्तब्य गरी मारेको हुँदा कनून बमोजिम गरी पाँउ भन्ने समेत ब्यहोराको बिष्णुमाया रोक्काको जाहेरी दरखास्त प्राप्त भएकोमा सम्पूर्ण अनुसन्धानपश्चात सम्मानित तनहुँ जिल्ला अदालतमा मिसिल पेश हुँदा सम्मानित अदालतको मिति २०७९।११।२६ गतेको आदेशले घटनामा संलग्न प्रतिवादीहरु राम कुमार सार्की र सुसिला मजाकोटी पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।११।०७ गते बिहान अं.०९:४५ बजेको समयमा जिल्ला तनहुँ ऋषिङ गाउँपालिका वडा नं.४ भिरकोटमा ऐ.ऐ. बस्ने हाइराम बि.क.को घरपिढीमा सोही स्थान बस्ने बर्ष ३९ को सन्त बहादुर सुनारले ऐ.ऐ. बस्ने बर्ष ६१ को जित बहादुर घिमिरेलाई सालको दाउराले टाउको समेतको संवेदनशील अंगहरुमा प्रहार गरी गम्भीर घाइते बनाएकोमा घाईते जित बहादुर घिमिरेको चरक मेमोरियल अस्पताल पोखरामा उपचारको क्रममा सोही दिन दिउसो अं.१४.०० बजेको समयमा मृत्यु भएको हुँदा कानून बमोजिम गरी पाँउ भन्ने समेत ब्यहोराको सोमराज घिमिरेको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानपश्चात संलग्न प्रतिवादीहरु सम्मानित अदालतको मिति २०७९।११।०७ गतेको आदेशले पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।११।०१ गते जिल्ला दैलेख गुराँस गाउँपालिका वडा न.८ माथिल्लोगार्जा बस्ने खिम बहादुर खड्काको छोरा बर्ष २८ को कृष्ण बहादुर खड्काले सामान्य वादविवादमा झै-झगडा हुँदा आफ्नै श्रीमती बर्ष अं. २७ कि पार्बती बि.सी. लाई ढोकामा लगाउने काठको गरालोले टाउकोमा हान्दा निज पार्बती बि.सी.को घटनास्थलमा नै मृत्यु भएकोमा निज कृष्ण बहादुर खड्कालाई नियन्त्रणमा लिई अनुसन्धान गरिएकोमा अनुसन्धानपश्चात सम्मानित दैलेख अदालतको आदेशले निज प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – लागु औषध

मिति २०७९।०९।१७ गते अ.१०:३० बजेको समयमा जिल्ला कञ्चनपुर भि.न.पा.४ बसपार्क एरीयामा हेमन्त पाठक र राजेश थापा लागु औषधको कारोबार गरी रहेको भन्ने सुचनाको आधारमा मेरो कमाण्डमा सो स्थानमा प्रहरी टोली खटिई गई राजेश नास्तापसलमा बसी रहेका निजहरुलाई चेकजाँच गर्दा ०.०९ ग्राम ला.औ. खैरोहेरोईन र ५.१३ ग्राम चरेश जस्तो कालो पदार्थ फेला परेकोले रित पुर्वक बरामद गरी यसै प्रतिबेदन साथ दाखिला गरेका छौ कानुन बमोजिम गरी पाउँ भन्ने समेत ब्यहोराको प्र.ब.ना.नि. धनन्जय कुमार मल्ल समेतले प्रतिवेदन जाहेरी दिएकोमा अनुसन्धानपश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालतको मिति २०७९।११।०३ गतेको आदेशले प्रतिवादी हेमन्त पाठक लाई रु.५००००/- र प्रतिवादी राजेश थापा मगरलाई रु.३०,०००/- धरौटी लिई तारेखमा छोडेको ।

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई- बुलेटिन

सत्य सेवा सुरक्षणम्

**नेपाल प्रहरी प्रधान कार्यालय**
**अपराध अनुसन्धान विभाग**
**नक्साल काठमाडौं**

Email: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np
मोबाईल: ९८५१२९९१९९ फोन: ०१- ४४१२७४८